सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
मानननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
आदेश
०८१-WO-०१५८
मुद्दाः- उत्प्रेषण।

प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठ समेत २१-------------------------- निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौं समेत ३----- प्रत्यर्थी

प्रस्तुत रिट निवेदनसहितको मिसिल संलग्न कागजातहरू अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र विद्वान अधिवक्ताहरु श्री खम्म बहादुर खाती, श्री माधव कुमार बस्नेत, डा. श्री दिनमणी पोखरेल र श्री नारायण प्रसाद पराजुलीले गर्नु भएको बहस समेत सुनियो।

यसमा निवेदकहरु नेपाल प्रहरी सेवामा प्रवेश गरी विभिन्न पदहरुमा सेवारत रहेकोमा प्रहरी नियमावली, २०७१ को नियम १२७(१)(घ) बमोजिम ३० वर्षे नोकरी अवधी पुरा भएको भनि निजहरुलाई मिति २०८१।५।१६ बाट अवकास हुने भन्ने पत्राचार भए उपर उक्त ३० वर्षे सेवा अवधी हटाउने सम्बन्धमा परमादेशको आदेश माग गरी हाललाई अवकाश सम्बन्धी पत्राचारहरु कार्यान्वयन नगर्नू नगराउनू भनी अन्तरिम आदेश समेत माग गरी रिट निवेदन पेश भएको देखियो।

नेपाल प्रहरीको सेवाअवधी सम्बन्धी व्यवस्था प्रहरी नियमावलीमा गरिएको र निजामती सेवामा ३० वर्षे अवधी कायम गर्दा सो व्यवस्था प्रहरी नियमावली संशोधन गरी उल्लेख भएको पाईयो। समयक्रममा मन्त्रीपरिषदबाट पारित हुने प्रहरी नियमावलीमा अवकाशका उमेरहरुमा परिवर्तन समेत भएको देखियो। यस सम्बन्धमा यस अदालतमा रिट निवेदन परी ०६९-WS-००११ को पाँच जना माननीय न्यायाधीशहरु भएको वृहत पुर्ण इजलासबाट, *"...उमेर हदको कारणले सेवाबाट अवकाश लिने व्यवस्था गर्दा समेत*

नियमावली संशोधनको बाटो नअपनाई प्रहरी ऐनमा नै जो चाहिने आवश्यक व्यवस्था गर्ने गरी मिलाउनु भनी विपक्षी नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ" भनी मिति २०७०।१२।२० मा यस अदालतबाट निर्णय भएको देखियो। साथै यसै अदालतको अर्को पाँच जना माननीय न्यायाधीशहरु भएको वृहत पुर्ण इजलासबाट ०७२-WO-०२९४ को निवेदनमा प्रहरी नियमावली, २०७१ को नियम १४०(१) को नोकरी अवधीको गणनाका विषयमा प्रत्यायोजित विधायन अर्थात नियमावलीमा व्यवस्था गर्न नमिल्ने हुँदा सारभूत कानून अर्थात प्रहरी ऐनमा नै आवश्यक व्यवस्था मिलाउन नेपाल सरकारको नाममा निर्देशन दिने ठहऱ्याई मिति २०७१।८।२० मा निर्णय भएको देखियो।

यस प्रसङ्गमा संविधानको धारा १२६(२) र धारा १२८(४) अनुसार यस अदालतबाट भएका आदेश वा निर्णय, संविधान र कानूनको व्यवस्था वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालना गर्नुपर्ने देखिन्छ। यस अदालतबाट माथि उल्लिखित आदेशहरु नेपाल सरकार लगायत सबै प्रत्यर्थीहरुले मान्नु र कार्यान्वयन गर्नु गराउनु पर्नेमा द्रविदा देखिँदैन। कानूनको शासन मान्ने देशमा यस्तो अवज्ञा क्षम्य हुने देखिदैन। यस अदालतबाट उल्लिखित आदेशहरु भएको करिव एक दशक बितेको देखिन्छ। सरकारी सेवाको मातृ ऐन, निजामती सेवामा उक्त ३० वर्षे सेवा अवधीको प्रावधान हटि सकेको देखिन्छ। निवेदनमा उल्लेख भए अनुसार यस सम्बन्धमा गठन भएका आयोगहरुले उक्त ३० वर्षे अवधी हटाउने सुझाव दिएको भन्ने देखिन्छ। प्रासङ्गिक रुपमा हेर्दा समेत सेवा अवधीको ५०।५१ वर्षमै ७५ प्रतिशत पेन्सन लिई सेवा निवृत हुनु निवेदक र राज्य दुवैको हितमा देखिदैन। नेपाल जस्तो शक्ति पृथकीकरणको सिद्धान्तलाई संविधानमै अंगिकार गर्ने संविधानको सर्वोच्चता भएको देशमा सामान्यतया यो अदालत, कार्यपालिका र व्यवस्थापिकाको क्षेत्राधिकार भित्र प्रवेश गर्नु उपयुक्त हुँदैन। यद्वपी दशकौं सम्म यस अदालतबाट भएका निर्देशनात्मक आदेशको निरन्तर उल्लंघन भई रहदा अपवाद स्वरुप यस अदालतले कार्यपालिका र व्यवस्थापिकाले गर्नुपर्ने बाध्यात्मक कार्य नगरेको अवस्थामा विशेष आदेश जारी गर्न नसक्ने भन्ने देखिँदैन।

अतः निवेदकहरु तथा निवेदक जस्तै अवस्थामा रहेका प्रहरी कर्मचारीहरुलाई मिति २०८१।५।१६ वा उक्त प्रहरी नियमावलीको नियम १२७ (घ) बमोजिको ३० वर्षे अवधीको आधारमा सेवाबाट अवकास हुने भनि दिइएका पत्राचारहरु हाललाई कार्यान्वयन नगर्नु नगराउनु र त्यस्तो आधारमा कसैलाई कुनै पत्राचार नगर्नू नगराउनू भनि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ।निजहरुको पदिय जिम्मेवारीमा परिवर्तन नगर्नू नगराउनू र प्रहरी किताबखानामा यस सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षीहरुलाई लेखी पठाउनु।

साथै यस अदालतबाट भएका उल्लिखित वृहत पुर्ण इजलासका निर्देशनात्मक आदेशहरु किन कार्यान्वयन नभएको हो र यस सम्बन्धमा संविधानको धारा १२८ (४) बमोजिम कारवाही किन चलाउनु नपर्ने हो भन्ने सम्बन्धमा प्रत्यर्थी/विपक्षीहरुबाट १५ दिन भित्र छुट्टा छुट्टै जवाफ मगाउनु।

प्रस्तुत निवेदनमा अन्तरनिहित यस अदालतको आदेशको कार्यान्वयनको विषय तथा प्रहरी सेवा भित्र हुने पदसोपान समेतका विषयलाई मध्यनजर गर्दा प्रस्तुत विषय शिघ्र समाधान गर्नुपर्ने प्रकृति देखिएकोले लिखित जवाफ पेश भए वा नभएमा समेत मिति २०८१।६।१० गते लाई पुर्ण सुनुवाईको लागी पेश गर्नु र सुनुवाई हुने गरी पेशीमा अग्राधिकार दिई पेश गर्नू।